


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २१ गते बुधबार ❑ 7 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## कांग्रेस सभापतिमा तीन जनाको उम्मेदवारी

**रासस**
काठमाडौं, २० असोज

नेपाली कांग्रेसको पार्टीको १५औं महाधिवेशन अन्तरर्गतको निर्वाचनका लागि सभापतिमा गगनकुमार थापा, श्यामकृष्ण खड्की र किशोरसिंह राठौरको उम्मेदवारी परेको छ।

यसैगरी वरिष्ठ उपसभापतिमा विश्वप्रकाश शर्मा, उपसभापति (महिला)मा पुष्पा भुसालले मात्र उम्मेदवारी दर्ता गराउनुभएको छ । उपसभापति खुलामा डा चन्द्र भण्डारी, देवराज चालिसे, सुरेन्द्रराज पाण्डे, मधु आचार्य, डा मिनेन्द्र रिजाल, दीपक गिरी, धनराज गुरुङ, गोविन्द भट्टराई र डा चन्द्रमोहन यादवको उम्मेदवारी परेको छ । समावेशी उपसभापतिमा जीवन परियार, बिनोद चौधरी, फर्मुल्लाहा मन्सुर, सीता गुरुङ र रन्जित कर्णको उम्मेदवारी परेको छ । खुला महामन्त्रीमा प्रदीप पौडेल, गुरुराज घिमिरे, उदय शमशेर राणा, अमर सिंह पुन, नैनसिंह महर, शङ्कर तिवारी, डा सुनिल शर्मा र डा सन्तोष उपाध्यायले उम्मेदवारी दर्ता गराउनुभएको छ । महामन्त्री महिलामा डा डिला संग्रौला, डिना उपाध्याय र रिता खनालको उम्मेदवारी परेको छ।

सभापतिमा तीन जना, वरिष्ठ उपसभापति र महिला उपसभापतिमा एक/एक जना, खुला उपसभापतिमा नौ जना, समावेशी उपसभापतिमा पाँचजना, खुला महामन्त्रीमा आठ जना र महिला महामन्त्रीमा तीन जनाको उम्मेदवारी परेको हो ।

नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत मंगलबार तेस्रो दिनको बन्द सत्रको छलफल सकिएको छ। बन्द सत्रको थप छलफल बुधबार पुनः हुने भएको छ । बन्द सत्रमा सहभागी महाधिवेशन प्रतिनिधिहरूले सभापति गगनकुमार थापाले प्रस्तुत गर्नुभएको राष्ट्रिय पुनर्जागरण र समुन्नतिको राजनीतिक प्रस्ताव, उपसभापति विश्वप्रकाश शर्माको राजनीतिक संस्कृतिको क्षय र युगानुकूल रूपान्तरणको अभिभारासम्बन्धी समसामयिक प्रस्ताव, महामन्त्री गुरुराज घिमिरेको सङ्गठनसम्बन्धी प्रतिवेदन र कोषाध्यक्ष उमेश श्रेष्ठको आर्थिक प्रतिवेदनमाथि छलफल भएको थियो। छलफलमा सात प्रदेशका अतिरिक्त भ्रातृ तथा




शुभेच्छुक संस्थाका प्रतिनिधिहरू सहभागी हुनुभएको महाधिवेशन व्यवस्थापन समितिका संयोजक सुरेशराज आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार बन्द सत्रको तेस्रो दिनको छलफल बुधबार बिहान साढे १० बजे पुनः हुनेछ । बुधबारको सत्रको प्रारम्भमा पार्टी सभापति थापाले सम्बोधन गर्नुहुर्ने कार्यक्रम रहेको संयोजक आचार्यले बताउनुभयो।

यसैगरी यसअघि कांग्रेसको १५ औं महाधिवेशनअन्तर्गत निर्वाचनमा भाग लिने महाधिवेशन प्रतिनिधिको अन्तिम नामावली प्रकाशन गरिएको थियो । कांग्रेस १५ औं महाधिवेशन केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले मतदाताको अन्तिम नामावली प्रकाशन गरिएको जानकारी दिनुभयो। नयाँ नामावली प्रकाशन गरेसँगै कांग्रेसको १५ औं महाधिवेशनअन्तर्गत निर्वाचनमा भाग लिने प्रतिनिधिको सङ्ख्या सात हजार ११४ पुगेको छ।

नेपाली कांग्रेसको १५ औं राष्ट्रिय महाधिवेशनमा २०० भन्दा बढी स्वयंसेवक परिचालन गरिएको छ । कांग्रेस केन्द्रीय सदस्य एवं स्वयंसेवक व्यवस्थापन समितिका संयोजक गणेश लामाले महाधिवेशनमा भाग लिन आएका प्रतिनिधिको सहजताका लागि २०० स्वयंसेवक परिचालन गरिएको जानकारी दिनुभयो । संयोजक लामाले बन्दसत्र हुने ठाउँ र निर्वाचन हुने ठाउँमा स्वयम्सेवक परिचालन गरिएको बताउनुभयो । नेपाली कांग्रेसको १५ औं महाधिवेशनका लागि देश तथा विदेशबाट सात हजार ५०० प्रतिनिधि काठमाडौं आइपुगेका छन् । आइतबारदेखि सुरु भएको महाधिवेशनको असोज २१ र २२ गते निर्वाचन गर्ने कार्यतालिका रहेको छ । बन्दसत्रमा पार्टी सभापति, उपसभापति, महामन्त्री र कोषाध्यक्षले छुट्टाछुट्टै प्रतिवेदन पेस गर्नुभएको छ।

## जिसस कास्कीद्वारा अन्नपूर्ण गाउँपालिकाका योजना अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज



जिल्ला समन्वय समिति कास्कीले अन्नपूर्ण गाउँपालिकाका लागत साझेदारीका योजना अनुगमन गरेको छ।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेल नेतृत्वको टोलिले उक्त जिसस कास्कीको ६० प्रतिसत अन्नपूर्ण गाउँपालिकाको ४० प्रतिसत लागत साझेदारीमा निर्माणाधिन र सम्पन्न आयोजनाहरूको मंगलबार अनुगमन गरिएको हो । यसरी अनुगमन गरेका आयोजनाहरूमा अन्नपूर्ण गाउपालिकाको वडा न ३ को वडा भवनको ट्रस निर्माण योजना, बहादुरे मा बि चमेना गृह निर्माण, वडा न ६ को संगम मा. बि. भवन मर्मत, वडा न १ को स्वास्थ चौकी तथा वडा कार्यालय भवनको कम्पाउन्ड पर्खाल एबम तारबार घेर्ने योजना अनुगमन गरिएको जिल्ला समन्वय समिति कास्कीले जनाएको छ।

अनुगमनका क्रममा जिसस कास्कीका प्रमुख लिलाधर पौडेलले कतिपय योजनामा निर्धारित मापदण्ड र गुणस्तर कमसल देखिएको भन्दै तत्काल सच्याउन आग्रह गर्नुभयो । पौडेलले गुणस्तरमा कुनै सम्झौता नहुने भन्दै लगानिको उच्चतम सदुपयोग हुनुपर्नेमा जोड दिनुभयो । अनुगमनमा सो पालिका क्षेत्र भएका जिसस कास्कीका सदस्यद्वय बालिका सुवेदी र गणेश बहादुर जि सि, जिल्ला समन्वय अधिकारी नवराज बराल, इन्जिनियर महेश पोखेल सहित प्राबिधिक तथा कर्मचारी र स्थानिय जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो।

## विजया दशमीको उत्तम साइत कात्तिक ४ गते बुधबार १०:२६ बजे

**रासस**
काठमाडौं, २० असोज

यस वर्ष विजया दशमीको साइत कात्तिक ४ गते बुधबार बिहान १०:२६ बजे उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ।

त्यस दिन बिहान ०८:४९ बजे देवी बिसर्जन गरी १०:२६ बजेको शुभ साइतमा मान्यजनबाट देवीको प्रसादका रूपमा टीका लगाउन सकिने समितिले जनाएको छ । पश्चिम मोहडा गरेर टीका लगाउनुपर्ने पनि समितिले जनाएको छ। अर्थात्, टीका लगाइमाग्ने मानिस पश्चिम फर्केर टीका थाप्नुपर्नेछ । विजया दशमीका दिन दिनभर टीका लगाउन सकिने भए पनि साइतमै टीका लगाउन चाहनेका लागि यो साइत दिइएको समितिका अध्यक्ष सह प्रा डा पुरुषोत्तम भट्टराईले राससलाई जानकारी दिनुभयो । राज्य सञ्चालकले भने समितिले तोकेकै साइतमा मान्यजनबाट टीका, प्रसाद थाप्नुपर्ने उहाँले बताउनुभयो । देवीको प्रसादका रूपमा देशका धेरै भागमा कोजाग्रत पूर्णिमाका दिनसम्म मान्यजनबाट टीका र आशीर्वाद थाप्ने गरिन्छ । केही भागमा भने विजयादशमीका दिनमात्र देवीको प्रसादका रूपमा टीका थाप्ने गरिन्छ । नेपालमा राष्ट्रिय चाडका रूपमा दसैं मनाउने गरिन्छ । दसैंमा वातावरण नै उल्लासमय बन्छ । विभिन्न पेसा र व्यवसायका क्रममा थातथलोभन्दा टाढा टाढा रहेका नेपाली मान्यजनको आशीर्वाद थाप्न घर फर्कने गर्छन् । शरद ऋतुको उल्लासमय वातावरणमा मनाइने दसैंमा विशेषगरी नवदुर्गा भवानीको विशेष पूजा, आराधना गरिन्छ।

यस वर्ष असोज २५ गते आइतबारदेखि नवरात्रारम्भ हुँदैछ। नवरात्रको पहिलो दिन घटस्थापना गरिन्छ । घटस्थापनाका लागि बिहान ११:४७ बजेको साइत शुभ रहेको छ।

## सम्पन्न भयो तालबाराही मन्दिर पुनर्निर्माण, घटस्थापनादेखि भक्तजनका लागि खुला

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

देशको पर्यटकीय राजधानी पोखराको प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्य फेवातालको मध्यभागमा अवस्थित ऐतिहासिक तालबाराही भगवती मन्दिरको पुनर्निर्माण सम्पन्न भएको छ।

पुनर्निर्माणको काम पूरा भएसँगै यही असोज २५ गते घटस्थापनादेखि मन्दिर भक्तजनलाई लागि खुला गरिने भएको छ । फेवातालको बीचमा रहेको सानो टापुमा अवस्थित मन्दिरमा तालको किनार बाराहीघाटबाट डुङ्गा चढेर पुग्नुपर्छ । पुनर्निर्माणका क्रममा मन्दिरमा नियमित पूजाआजा बन्द रहेकाले नजिकैको हवनकुण्ड रहेको स्थानमा चाँदीको मूर्तिमा प्राण प्रतिष्ठा गरी पूजाआजा हुँदै आएको थियो। अब भने पुनर्निर्माण सम्पन्न भएसँगै भक्तजनले मन्दिरभित्रै पुगेर पूजाआजा तथा दर्शन गर्न पाउने भएका छन्। विसं २०७२ को विनाशकारी भूकम्पका कारण मन्दिर करिब तीन इन्च दक्षिणतर्फ ढल्किनुका साथै केही भाग दबिएपछि यसको संरचनामा जोखिम देखिएको थियो। पुरातत्व विभागको निर्देशन तथा समन्वयमा विसं २०८० कात्तिकदेखि मन्दिरको पुनर्निर्माण सुरु गरिएको थियो। परम्परागत नेपाली मन्दिरको पहिचान झल्कने गरी काठ, इँटा तथा अन्य सामग्रीको प्रयोग गर्दै पुरानै स्वरुपलाई आधार बनाएर पुनर्निर्माण गरिएको मन्दिरका पुजारी समेत रहनुभएका ताल बाराही मन्दिर गुठी व्यवस्थापन समितिका उपाध्यक्ष महेश्वर



पहारीले बताउनुभयो । उहाँका अनुसार मन्दिर पुनर्निर्माणको मुख्य काम सबै सम्पन्न भइसकेको र सामान्य रङरोगन तथा सजावटका केही काम मात्र बाँकी छ। "मन्दिर ढल्किँदा जोखिम सिर्जना भएको थियो । त्यसैले तीन वर्षअघि पुनर्निर्माण सुरु गरेका थियौँ। डेढ वर्षमा काम सम्पन्न गर्ने लक्ष्य राखिए पनि विभिन्न कारणले केही ढिला भयो। घटस्थापनाको दिनमा विधिवत रुपमा पुनःपूजा गरेर देवीको शक्ति पुरानो शिलामा सार्नेछौँ । अब भक्तजनले उल्लासपूर्वक पुरानै शिलामा दर्शन तथा पूजाआजा गर्न सक्नुहुन्छ ।" उहाँले भन्नुभयो । मन्दिरलाई यसको मौलिक स्वरुप र परम्परागत वास्तुकला कायम हुने गरी पुनर्निर्माण गरिएको हो । प्यागोडा शैलीमा निर्माण गरिएको मन्दिरका लागि भक्तपुर र ललितपुरबाट दक्ष कालीगढ ल्याइएको थियो । प्यागोडा शैलीका मन्दिरमा तहगत छाना, काठका कलात्मक संरचना, परम्परागत झ्यालढोका तथा धार्मिक प्रतीकात्मक आकृतिको प्रयोग भएको छ । फेवातालको बीचमा मन्दिर रहेकाले यहाँको धार्मिक आस्था र प्राकृतिक सौन्दर्य एकसाथ अनुभव गर्न सकिन्छ । डुङ्गाबाट मन्दिरतर्फ जाँदा तालको पानी, वरिपरिको हरियाली र हिमाली दृश्यले तालबाराहीलाई धार्मिक गन्तव्यसँगै महत्वपूर्ण पर्यटकीय आकर्षणका रूपमा स्थापित गरेको छ । मन्दिर पुनर्निर्माणका लागि करिब रु एक करोड ५० लाख खर्च भएको पुजारी पहारीले जानकारी दिनुभयो । त्यसमा पुरातत्व विभागबाट रु छ लाख सहयोग प्राप्त भएको र बाँकी रकम भक्तजनबाट सहयोग जुटाएर मन्दिर व्यवस्थापन समितिले खर्च गरेको उहाँले बताउनुभयो।

तालबाराही मन्दिरको इतिहास निकै पुरानो मानिन्छ। कास्कीका तत्कालीन राजा कुलमण्डन शाहले फेवातालको बीचमा रहेको ढिस्कोमा खरको झुप्रो बनाएर मन्दिर स्थापना गरेको जनश्रुति छ । मन्दिरको अस्तित्व विसं १६६९ देखि कायम रहेको स्थानीय धार्मिक मान्यता छ । प्राचीन समयमा माटोको ढिस्कोमा रहेको शिलालाई देवीका रूपमा पूजा गर्न थालिएको र पछि त्यही स्थानमा मन्दिर स्थापना गरिएको बताइन्छ । सामान्य झुप्रोको स्वरुपमा रहेको मन्दिरलाई तत्कालीन राजा महेन्द्रले विसं २०१७ मा अहिलेको स्वरुपमा निर्माण गराउनुभएको थियो । त्यसपछि तालबाराही मन्दिर पोखराको प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा थप स्थापित भएको हो।

मन्दिर पुनर्निर्माण सम्पन्न भएर घटस्थापनादेखि नियमित पूजाआजा सुरु भएपछि तालबाराहीमा स्वदेशी तथा विदेशी पर्यटक र भक्तजनको चाप बढ्ने अपेक्षा गरिएको छ। फेवा डुङ्गा व्यवसायी समितिका अध्यक्ष बलराम गिरीले मन्दिर पुनर्निर्माण भइरहेका कारण भक्तजनले मन्दिरभित्र नियमित पूजाआजा गर्न नपाउँदा डुङ्गा चढ्ने यात्रुको संख्यामा केही कमी आएको बताउनुभयो । "मन्दिर पुनर्निर्माण भइरहेकाले भक्तजनले नियमित रूपमा पूजा गर्न पाएका थिएनन् । त्यसको प्रभाव डुङ्गा व्यवसायमा पनि परेको थियो । अब मन्दिर सञ्चालनमा आएसँगै भक्तजन तथा पर्यटकको सङ्ख्या उल्लेख्य बढ्ने अपेक्षा गरेका छौँ।" उहाँले भन्नुभयो । फेवातालको किनारबाट करिब पाँच मिनेट डुङ्गा यात्रामा तालबाराही मन्दिर पुग्न सकिन्छ। तालबाराही मन्दिर रहेको क्षेत्र करिब तीन रोपनी आठ आना दुई दाममा फैलिएको छ।



# बाटो सहज भएपछि घान्द्रुक जाने पर्यटक बढ्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज



कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नम्बर १० र ११ पर्ने पर्यटकीय गाउँ घान्द्रुक पुग्ने बाटो सहज भएसँगै पर्यटकको सङ्ख्या बढ्न थालेको छ। बाढीपहिरोका कारण अवरुद्ध भएको बिरेठाँटी-घान्द्रुक सडक सञ्चालनमा आएसँगै पर्यटकहरू घान्द्रुक पुग्न थालेका हुन्।

बाटो सहज भएसँगै गाउँमा पर्यटकको चहलपहल सुरु हुन थालेको घान्द्रुकस्थित निर्मल भिल्लाकी प्रबन्ध निर्देशक स्नेहा गुरुङले जानकारी दिनुभयो। बाढिपहिरोले बाटो अवरुद्ध हुँदा शून्य अवस्थामा पुगेको घान्द्रुकको पर्यटन व्यवसाय अब चलयमान हुने आशा जागेको उहाँले बताउनुभयो । "चाडपर्वसँगै पर्यटकको सिजन पनि सुरु भयो। बाटो पनि सहज भएको छ," उहाँले भन्नुभयो, "असार, साउन र भदौमा पर्यटक शून्य नै थियो । अहिले विस्तारै आउन सुरु गर्नु भएको छ। अब केही हुन्छ की भन्ने आशा पलाएको छ ।" होटल रक एण्ड मुडका सञ्चालक तथा रोधी क्लब घान्द्रुकका अध्यक्ष लक्षिण गुरुङले घान्द्रुक पुग्ने बाटो सहज बनेको सन्देश फैलाउन जरुरी रहेको बताउनुभयो । "पर्यटक आउन सुरु गर्नुभएको छ तर तर अझै पनि धेरैलाई बाटो खराब छ भन्ने लागेको हुनसक्छ," उहाँले भन्नुभयो, "धेरैले घान्द्रुकको बनेको छैन भनेर योजना क्यान्सिन पनि गर्नुभएको होला । अब हामीले बाटो सहज छ ढुक्कसँग घुम्न आउनुहोला भन्ने सन्देश प्रवाह गर्नुपर्नेछ।"

निरन्तरको वर्षाले विभिन्न स्थानमा खसेको पहिरो पन्छाएर बाटो सहज बनाएपछि पर्यटक घान्द्रुक पुग्न थाले पनि सोचेअनुरुप नभएको उहाँको भनाइ छ । "साउन भदौमा जस्तो पाहुना आउँदै नआएको त हैन्। तर अझै पर्याप्त छैन", उहाँले भन्नुभयो, "मेरो होटलमा ४५ जनासम्म राख्न सक्छु। यो समयमा अघिल्ला वर्षहरूमा भरिभराउ हुन्थ्यो तर यो पटक दैनिक पाँच सात मात्र जना आउनुभएको छ ।" बाटोसँगै मौसम खुलेपछि घान्द्रुकको पर्यटन व्यवसाय विस्तारै चलयमान हुँदै गएको घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले बताउनुभयो । अहिले दैनिक रुपमा दुई देखि तीन सय पर्यटक घान्द्रुक पुग्ने गरेको उहाँले जानकारी दिनुभयो । "यो बेला पर्यटक आउने समय नै हो । यही समयमा बाटो बिग्रँदा निकै चिन्ता लागेको थियो । सबैको पहलमा बाटो बनाएपछि पाहुना आउन थाल्नुभएको छ," उहाँले भन्नुभयो, "पहिला पहिला यही समयमा बस्ने ठाउँ नपुगेर पाहुना फर्काउनुपर्ने अवस्था थियो। यो वर्ष विस्तारै बढ्ने क्रम जारी छ। अहिले दैनिक दुई तीन सय जना आउनुहुन्छ।" अध्यक्ष गुरुङ पनि घान्द्रुकको बाटो सहज भएको सन्देश सबैसामु पुऱ्याउनुपर्ने बताउनुहुन्छ। "यो समय सबैभन्दा बढी नेपाली पाहुनाहरू आउने समय हो । निरन्तर वर्षा हुँदा बाटो अवरुद्ध भएको थाहा भए पनि खुलेको थाहा नहुन सक्छ," उहाँले भन्नुभयो, "त्यसैले हामी घान्द्रुकवासीको एउटै आग्रह छ। मौसमसँगै बाटो पनि खुलेको छ। निर्धक्क भएर घुम्न आउनुहोला हामी स्वागत गर्न तयार छौं।"

अध्यक्ष गुरुङका अनुसार पर्यटकीय गाउँ घान्द्रुकमा एक दिनमा दुई हजार पाँच सय पाहुना राख्न सकिन्छ। पाहुना धेरै भएको खण्डमा गाउँकै घरहरूमा पनि व्यवस्थापन गर्न सकिने उहाँले जानकारी दिनुभयो । "घान्द्रुकमा अहिले होटल ९५ वटा र ४५ वटा होमस्टे छन्। यी होटल तथा होमस्टेमा एक दिनमा दुई हजार पाँच सय पाहुना राख्न सकिन्छ," उहाँले भन्नुभयो, "पाहुना धेरै भएको खण्डमा व्याक्तिगत घरमा पनि व्यवस्थापन गर्न सकिन्छ। गाउँ आएको पाहुना फर्काउन नपरोस् भन्ने हाम्रो मान्यता छ।"

# ११ सामुदायिक विद्यालय 'स्टिम ल्याब' कार्यक्रमका लागि छनोट

**पोखरापत्र संवाददाता**
कास्की, २० असोज

गण्डकी प्रदेश सरकारले प्रदेशका ११ वटा सामुदायिक विद्यालयमा विज्ञान, प्रविधि, इञ्जिनियरिङ र गणित शिक्षालाई प्रयोगात्मक तथा प्रविधिमैत्री बनाउने उद्देश्यले 'स्टिम प्रयोगशाला' स्थापना तथा सञ्चालनका लागि अनुदान दिने भएको छ।

सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत शिक्षा विकास महाशाखाले चालु आर्थिक वर्षका लागि स्वीकृत वार्षिक विकास कार्यक्रम माध्यमिक तहमा 'स्टिम ल्याब' स्थापना र सञ्चालन कार्यक्रमअनुसार प्रदेशका ११ विद्यालय छनोट गरेको हो । प्रस्ताव पेस गरेका विद्यालयमध्येबाट सोमबार अनुदानका लागि छनोट गरिएको हो । ती विद्यालयले रु चार लाखका दरले अनुदान प्राप्त गर्ने महाशाखा प्रमुख घनश्याम पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार ११ विद्यालयका लागि कुल रु ४४ लाख अनुदान उपलब्ध हुनेछ। "स्टिम ल्याब स्थापना भएपछि विद्यालय तहमा विज्ञान तथा प्रविधिसम्बन्धी विषयको अध्ययनलाई केबल सैद्धान्तिक ज्ञानमा सीमित नराखी प्रयोग, परीक्षण र अभ्याससँग जोड्न सहयोग पुग्ने अपेक्षा गरेका छौं", उहाँले भन्नुभयो। विद्यार्थीलाई विज्ञान, प्रविधि, इञ्जिनियरिङ र गणितका विषयमा प्रयोगात्मक रूपमा सिक्ने वातावरण तयार गर्ने उद्देश्यले सरकारले यस्तो कार्यक्रम अघि बढाएको महाशाखा प्रमुख पौडेलले जानकारी दिनुभयो।

मन्त्रालयले अनुदानका लागि छनोट गरेका विद्यालयमा कास्कीको मादी गाउँपालिका-७ घाचोकस्थित धनुबास कालिका माध्यमिक विद्यालय, गोरखाको धार्चे गाउँपालिका-५ गुम्दास्थित सूर्योदय माध्यमिक विद्यालय र गोरखा नगरपालिका-१० छेबेटारस्थित तारा माध्यमिक विद्यालय छन्।

यसैगरी, तनहुँको व्यास नगरपालिका-१० दुम्सीस्थित शिव माध्यमिक विद्यालय कार्यक्रममा समेटिएको छ । नवलपुरबाट हुप्सेकोट गाउँपालिका-३ गिरुवारीस्थित सरस्वती संस्कृत तथा साधारण माध्यमिक विद्यालय, मध्यविन्दु नगरपालिका-२ कोल्हुवास्थित कुमारवर्ती माध्यमिक विद्यालय, गैंडाकोट नगरपालिका-३ ढोडेनीस्थित कृष्ण गण्डकी माध्यमिक विद्यालय र हुप्सेकोट गाउँपालिका-९ जुगेपानीस्थित सूर्यज्योति माध्यमिक विद्यालय छनोट भएका छन्। बागलुङको बरेङ गाउँपालिका-२ बराहकोटस्थित पुरुषोदय माध्यमिक विद्यालय, म्याग्दीको बेनी नगरपालिका-८ कालीपुलस्थित बालमन्दिर माध्यमिक विद्यालय र स्याङ्जाको फेदीखोला गाउँपालिका-१ मट्टीखानस्थित चण्डीडाँडा माध्यमिक विद्यालयमा प्रयोगशाला स्थापना हुनेछ। कार्यक्रमका लागि छनोट भएका विद्यालयले प्राप्त गर्ने अनुदान रकमबाट कार्यक्रमको प्रकृति र आवश्यकताअनुसार प्रयोगशाला स्थापना तथा सञ्चालनका लागि आवश्यक सामग्री, उपकरण तथा अन्य पूर्वाधार व्यवस्थापन गर्नसक्ने मन्त्रालयले जनाएको छ।

यसबाट विद्यार्थीले आफूले कक्षाकोठामा पढेका विषयलाई प्रयोग तथा अभ्यासमार्फत बुझ्ने अवसर प्राप्त गर्ने भएकाले शिक्षण सिकाइ प्रभावकारी बन्ने विश्वास गरिएको छ।

# पर्वतीय दौडमा राज गुरुङ र अर्जुन गोदारलाई सम्मान गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

तेस्रो संस्करणको पर्वतीय दौड प्रतियोगिता-२०८३ अवसरमा राज गुरुङ 'लाला' र अर्जुन गोदारलाई सम्मान गरिने भएको छ।

'खेल पर्यटन प्रवर्द्धनमा पुम्दी-भुम्दी पर्वतीय दौड' नाराका साथ पोखरा प्रवर्द्धन केन्द्र र पोखरा क्लिकले विश्व पर्यटन दिवस सन्दर्भ पारेर यही असोज २४ गते शनिबार आयोजना गर्ने प्रतियोगितामा सम्मान गरिने भएको हो । पुम्दीभुम्दीको पर्यटन प्रवर्द्धन तथा स्थानीय क्षेत्रको विकासमा योगदान दिने एक जना र खेलकुद क्षेत्रमा योगदान दिने एक जना गरी आयोजकले पहिलो संस्करणदेखि सम्मान गर्दै आएको प्रतियोगिता संयोजक दीननाथ बरालले बताए । पुम्दीभुम्दीको पर्यटन प्रवर्द्धन तथा स्थानीय क्षेत्रको विकासमा सक्रिय योगदान पुऱ्याउँदै आएका राज गुरुङ 'लाला'लाई आफ्नो जन्मभूमिको पर्यटन विकास, सामाजिक सेवा तथा स्थानीय क्षेत्रको पहिचान प्रवर्द्धनमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै यसपालि सम्मान गर्न लागिएको बरालले जानकारी दिए। गुरुङ कालाबाङ घरेडी बुद्ध पार्कका परिकल्पनाकार तथा कालाबाङ घरेडी बुद्ध पार्क विकास संस्थाका संस्थापक अध्यक्षसमेत हुन्। पर्यटन व्यवसायसँगै रियलस्टेट तथा सामाजिक क्षेत्रमा सक्रिय उनले जन्मभूमिको विकास र प्रवर्द्धनमा निरन्तर काम गर्दै आएका छन् । २०३९ सालमा कालाबाङ घरेडी डहरमुनिमा जन्मिएका गुरुङ स्यामसङ ग्यालोरिका प्रबन्ध निर्देशक पनि हुन् । व्यवसायसँगै सामाजिक सेवामा समेत सक्रिय उनले असहाय तथा विपन्न वर्गका व्यक्तिहरूलाई सहयोग गर्दै आएका छन् । उनी व्यवसाय, पर्यटन, खेलकुद तथा सामाजिक सेवामार्फत स्थानीय क्षेत्रमा सक्रिय व्यक्तिका रूपमा परिचित छन्। बाबु भूपेन्द्र राज गुरुङ र आमा नाना गुरुङका लाला कान्छा छोरा हुन् । यसअघि, विश्वशान्ति स्तूप समिति अध्यक्ष अशोक गुरुङ र पुम्दीकोट कोट विकास समितिका अध्यक्ष तथा उद्योगपति चन्द्रकान्त बरालसमेत सम्मानित भइसकेका छन्।

यसैगरी, सम्मानित हुने अर्का व्यक्तित्व अर्जुन गोदार कास्कीको रुपा गाउँपालिकाका हुन् । विभिन्न अल्ट्रा म्याराथन तथा अन्तर्राष्ट्रिय दौडमा सहभागी हुनुका साथै पोखरा अन्तर्राष्ट्रिय क्रसकन्ट्री र काठमाडौं-पोखरा अल्ट्रा म्याराथनसमेत पूरा गरेका उनको खेलप्रतिको लगाव र निरन्तरतालाई सम्मान गर्न लागिएको हो। उनले २०५४ सालमा नेपाली सेनामा प्रवेशपछि १६ वर्षमै अवकाश लिएका थिए । १२ वर्षअघि यूएई पुगेका उनी सन् २०१५ को सुरुवातदेखि विभिन्न अन्तर्राष्ट्रिय दौड तथा म्याराथन प्रतियोगितामा सहभागी हुँदै आएका छन्। गोदारले हालसम्म म्याराथन, हाफ म्याराथन तथा १० किमी गरी विभिन्न दूरीका करिब ४२ अन्तर्राष्ट्रिय म्याराथन पूरा गरिसकेका छन् । २१ किमी दूरीका प्रतियोगितामा मात्रै उनले तीनपल्ट प्रथम स्थान हासिल गरेका छन्। यूएईमा रहँदा उनले ५० देखि ६० किलोमिटर दूरीका अल्ट्रा म्याराथन समेत पूरा गरिसकेका छन्। पोखरामा आयोजित अन्तर्राष्ट्रिय क्रसकन्ट्री २० किलोमिटर तथा काठमाडौं-पोखरा २०० किलोमिटर अल्ट्रा म्याराथनमा समेत सहभागिता जनाएका छन्। बुबा स्व.मोहन बहादुर गोदारको सम्झना र आमा गुनिमया गोदारको संघर्षलाई आफ्नो प्रेरणा बनाएका गोदारको लक्ष्य बुबाआमाको सपना पूरा गर्दै दौडमार्फत आफ्नो ठाउँ र देशलाई चिनाउनु हो।

गोदार एथलेटिक्स संघ कास्कीका आजीवन सदस्य एवं कास्की आदर्श समाज यूएईसँग पनि आबद्ध छन् । यसअघि, उक्त सम्मानबाट हिमाल आरोही तथा साहसिक पर्यटन क्षेत्रका व्यक्तित्व हे.लि. कुसाङ गुरुङ र वसन्त गौतमलाई सम्मान गरिएको केन्द्रका उपाध्यक्ष असफल गौतमले बताए। प्रसिद्ध विश्वशान्ति स्तूपबाट सुरु भई कालाबाङ घरेडी बुद्ध पार्क पुगेर समापन हुने ८ किमी दूरीको दौड प्रतियोगिता विभिन्न ६ इभेन्ट समावेश छन्।

# खुल्यो: अन्नपूर्ण चक्रीय पदमार्ग

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २० असोज

अन्नपूर्ण चक्रीय पदमार्गको हिउँ पन्छ्याइएको छ।

मुक्तिनाथ होटल एसोसिएसनको पहलमा मनाङ-मुस्ताङ जोड्ने अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गतको पदमार्ग थोरङला पासको सोमबार २० व्यक्तिले हिउँ पन्छाएपछि खुलेको हो।

लमजुङको बैंसी सहरदेखि मनाङ हुँदै विदेशी पर्यटकहरू थोरङला पास पदयात्रा गर्दै मुक्तिनाथ आइपुग्छन्। मुक्तिनाथ होटल एसोसिएसनका अध्यक्ष सुरज गुरुङले मनाङ-मुस्ताङ जोड्ने थोरङला पास पदमार्ग बाक्लो हिउँ पन्छ्याएर पदयात्रा सहज पारिएको बताउनुभयो।

असोज ८ देखि ११ गतेसम्मको भारी हिमपातले थोरङला पास पदमार्ग पूर्ण रुपमा अवरुद्ध हुँदा पर्यटक आवागमन बन्द भएको थियो।

अक्टोबरदेखि नोभेम्बरसम्म पर्यटकले साहसिक पदयात्रा गर्ने उपयुक्त स्थान थोरङला पासनै हो । मनाङ-मुस्ताङ अन्नपूर्ण चक्रीय पदमार्गमा बर्सेनि पाँच महिना मात्रै पर्यटकीय पदयात्रा हुने गर्छ । विश्वकै प्रख्यात पदमार्गको रुपमा स्थापित राउन्ड अन्नपूर्ण चक्रीय पदमार्गको थोरङला पास पदमार्ग विदेशी पर्यटक साहसिक पदयात्रा गर्न रुचाउँछन्। मनाङबाट थोरङला पासको यात्रा गर्दै मुस्ताङ आउन पदयात्रामा कुनै समस्या नहुने मुक्तिनाथ होटल एसोसिएसनले जनाएको छ।

# पर्यटकलाई दु:ख दिने १५ जना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २० असोज

पोखरा महानगरपालिकाका विभिन्न क्षेत्रमा कास्की प्रहरीले आज सञ्चालन गरेको 'स्वीप अप्रेसन' का क्रममा १५ जना पक्राउ परेका छन्।

चाडपर्वको समयमा पर्यटकलाई जबरजस्ती सवारीसाधनमा चढाउन खोज्ने, होटल मिलाइदिने भन्दै झोला तान्ने तथा विभिन्न बहानामा दुःख हैरानी दिएका कारण उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो । उहाँका अनुसार आउँदै गरेको चाडपर्वलाई लक्षित गरी जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयबाट परिचालन गरिएको टोलीले महानगरका विभिन्न क्षेत्रमा सञ्चालन गरेको 'स्वीप अप्रेसन' का क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको हो।

पोखराकोपृथ्वीचोक,सभागृहचोक र सिर्जनाचोक आसपासका क्षेत्रमा पर्यटक तथा सर्वसाधारणलाई लक्षित गरी जबरजस्ती सवार ीसाधनमा चढाउन खोज्ने, होटल मिलाइदिने भन्दै पर्यटकका झोला तान्ने, करकाप गर्ने तथा अनावश्यक रूपमा दुःख हैरानी दिने गतिविधिमा संलग्न व्यक्तिहरूमाथि निगरानी बढाइएको प्रहरी नायब उपरीक्षक पासवानले बताउनुभयो । सोही क्रममा सार्वजनिक सवारीसाधनमा जबरजस्ती चढाउन खोज्ने तथा होटल मिलाइदिने भन्दै पर्यटकको झोला तान्ने छ जना, अफलाइन पठाओ तथा इन्ड्राइभका चालक आठ जना र जीपका एक चालकलाई नियन्त्रणमा लिइएको छ। नियन्त्रणमा लिइएका सबैलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वडा प्रहरी कार्यालय बैदाम पठाइएको उहाँले बताउनुभयो । "चाडपर्व तथा पर्यटकीय याममा पोखरामा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्ने भएकाले पर्यटकलाई सुरक्षित र सहज वातावरणमा घुम्ने व्यवस्था मिलाउन प्रहरीले यस्ता गतिविधिमाथि निगरानी बढाएको हो", प्रनाउ पासवानले भन्नुभयो।

पर्यटक तथा सर्वसाधारणलाई अनावश्यक दुःख हैरानी दिने, जबरजस्ती सवारीसाधनमा चढाउन खोज्ने वा सेवा उपलब्ध गराउने नाममा करकाप गर्ने गतिविधि नगर्न सम्बन्धित सबैलाई प्रहरीले आग्रह गरेको छ। साथै यस्ता गतिविधि गरेको पाइएमा नजिकको प्रहरी कार्यालय वा प्रहरीलाई खबर गर्न सर्वसाधारणमा अनुरोध गरिएको छ।


## खाद्य स्वच्छता र गुणस्तरमा ध्यान दिऔं

- खाद्य पदार्थ खरिद गर्नुअघि उत्पादन, उपभोग्य मिति र लेबल अनिवार्य रुपमा जाँच गरौं,
- म्याद नाघेका, सडेगलेका वा गुणस्तरहीन खाद्य पदार्थ उपभोग नगरौं,
- प्याकेजिङ च्यातिएको, फुलेको वा क्षतिग्रस्त अवस्थामा रहेको खाद्य पदार्थ खरिद/बिक्री नगरौं,
- शंकास्पद वा मिसावटयुक्त खाद्य पदार्थको प्रयोगबाट बचौं,
- मिठाई, मासु, दूधजन्य तथा छिट्टै बिग्रने खाद्य पदार्थको भण्डारणमा विशेष ध्यान दिऔं,
- स्वच्छ तथा सफा पानीको प्रयोग गरौं,
- गुणस्तरहीन वा म्याद नाघेका खाद्य पदार्थ बिक्री/वितरण भएको पाइएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।

– थमस हाडी

## सम्पादकीय

# फेरि पनि वरिष्ठता मिचेर न्यायाधीश नियुक्ति

न्यायपरिषद्ले सर्वोच्च अदालतमा रिक्त न्यायाधीश पदपूर्तिका लागि गरेको पछिल्लो सिफारिसमा संविधानको मर्म, समावेशी प्रतिनिधित्व र स्थापित रोलक्रमलाई बेवास्ता गरिएको छ । कार्यक्षमता र वरिष्ठतामा अगाडि रहेका महिला तथा मधेशी समुदायका न्यायाधीशहरूलाई पाखा लगाउँदै कनिष्ठहरूलाई अघि सारिएपछि न्यायपरिषद्को निर्णय विवादित बनेको छ । रोलक्रम मिचिएपछि परिषद् बैठकमा विधि, प्रक्रिया र समावेशी सिद्धान्त मिचिएको भन्दै वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल र सदस्य महेश नेपालले कडा असहमति जनाउँदै 'नोट अफ डिसेन्ट' दर्ज गरेका छन् । विगतमा पुराना दलहरुले न्यायपालिकामा भागबन्डा गरे भनेर तीव्र विरोध जनाउँदै आएको रास्वपा नेतृत्वको सरकारकी कानुन मन्त्री सोविता गौतमसमेत रहेको न्याय परिषद्ले विगतको न्यायाधीश नियुक्ति सिफारिसलाई निरन्तरता दिइन् ।

बालेन्द्र शाह प्रधानमन्त्री बनेपछि सबै ठाउँमा बरिस्ठता मिचेर सरकारले रोजेकालाई नियुक्ति दिइएको छ । प्रधानन्यायाधीशको बेला जे प्रक्रिया अपनाइएको थियो न्यायाधीशमा पनि त्यही प्रक्रिया अपनाएर भद्रगोल बनाइएको छाकानुन मन्त्रीले पारदर्शिता र बरिस्ठता नमिचौ भनेको भए न्यायालय सुधारको अपेक्षा गर्ने ठाउँ रहने थियो । प्रधानन्यायाधीश मनोजकुमार शर्माले ल्याएको प्रस्तावमा कानुन मन्त्रीले हस्ताक्षर गरेर सहमति जनाएकी छन् । अदालतलाई सत्ताको छाया बनाउन खोजेको आरोपलाई सत्य बनाउने काम भएको छ । पुरानो दलले सर्वोच्च अदालतलाई राजनीतिक भर्ती केन्द्र बनाएको रास्वपाले आरोप लगाउँदै आएको थियो । तर अहिले पनि न्यायाधीश नियुक्ति प्रक्रिया उस्तै देखिएको छ । विगतमा उच्च अदालतबाट अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुङ्गाना, नित्यानन्द पाण्डेय, श्रीकान्त पौडेल र शान्तिसिंह थापालगायतलाई सर्वोच्च अदालतमा न्यायाधीश बनाएर ल्याउँदा पनि रोलक्रम मिचिएको थियो । त्यतिबेला वरिष्ठताका आधारमा अघि रहेका न्यायाधीश डा. रत्नबहादुर बागचन्दलाई पन्छाएर कनिष्ठ न्यायाधीशलाई सर्वोच्च अदालतमा ल्याइएको थियो ।

हाल बागचन्दले यो पटक भने न्याय पाएका छन् । न्यायाधीश नियुक्ति सिफारिसमा रोलक्रम मिचिएपछि परिषद् बैठकमा विधि, प्रक्रिया र समावेशी सिद्धान्त मिचिएको भन्दै परिषद्का दुई सदस्य; वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल र सदस्य महेश नेपालले कडा असहमति जनाउँदै 'नोट अफ डिसेन्ट' दर्ज गरेका छन। बहुमतको बलमा स्थापित मान्यता र बरिस्ठता मिच्नु हरेक क्षेत्रमा योग्य र अनुभवी आवश्यक छैन भन्ने सन्देश दिन खोजिएको छ । सिनियरलाई अपमानित गर्ने र न्यायालय विधिले होइन सत्ताको बहुमतले चल्छ भन्ने भाष्य बनाउन खोजिएको छ । परिषद्को निर्णय अनुसार उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्दसहित उच्च अदालतका न्यायाधीशहरू चन्द्रबहादुर सारु, जनक पाण्डे र गोकर्ण डाँगी सर्वोच्च अदालतको न्यायाधीशमा सिफारिस भएका छन् । सिफारिस सूचीमा रोलक्रमको पाँचौँ नम्बरमा रहेका चन्द्रबहादुर सारु, तेह्रौं नम्बरका जनक पाण्डे र सोह्रौं नम्बरका कनिष्ठ न्यायाधीश गोकर्ण डाँगी अटाएका छन् । तर, उनीहरूभन्दा अगाडि रहेका उच्च अदालतका मुख्य न्यायाधीशहरू राजनप्रसाद भट्टराई, लालबहादुर कुँवर (पाटन), हरिप्रसाद भण्डारी (सुर्खेत) र राजेश्वर तिवारी (तुलसीपुर) लाई कुनै स्पष्ट कारणबिनै पन्छाएर कनिष्ठलाई प्राथमिकता दिइएको छ । त्यसैगरी, उच्च अदालतका अन्य न्यायाधीशहरूको रोलक्रममा पहिलो नम्बरमा रहेका दिनेशप्रसाद यादव, कृष्णलाल भट्टराई, यमुना भट्टराई र टेकनारायण कुँवर जस्ता सिनियर न्यायाधीशहरूलाई पनि शक्तिको समीकरणमा पछाडि पारिएको छ। यसपटक विगतको अभ्यास विपरीत कानुन व्यवसायी (बार) क्षेत्रबाट समेत कसैलाई समेटिएको छैन ।

सर्वोच्च अदालतको बेन्चलाई समावेशी बनाउनुपर्ने संवैधानिक मर्म र कम्तीमा एक जना महिला तथा मधेशी समुदायको प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने मागलाई बैठकमा ठाडै उपेक्षा गरिएको छ । उच्च अदालतको रोलक्रममा वरिष्ठता र कार्यसम्पादन दुवैमा अब्बल रहेका दिनेशप्रसाद यादव (मधेसी समुदाय) र यमुना भट्टराई (महिला) लाई सिफारिस गर्न बैठकमा जोडदार माग उठेको थियो । तर, परिषद् अध्यक्ष रहेका प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम यस विषयमा सकारात्मक नबन्दा समावेशी अनुहार सर्वोच्च पुग्नबाट वञ्चित भए । प्रधानन्यायाधीश शर्मा, कानुनमन्त्री गौतम र परिषद् सदस्य दामोदर खड्का बिच एकमत भएपछि समावेशिताको आवाजलाई अल्पमतमा पार्दै सिफारिस टुङ्ग्याइएको छ । महिला र मधेसी समुदायलाई योजनाबद्ध रूपमा बाइपास गरिएपछि असन्तुष्टि जनाउँदै सदस्यद्वय मल्ल र महेश नेपालले लिखित असहमति दर्ज गरेका छन। जुन जायज र न्यायको आवाज हो । वरिष्ठतामा रहेका न्यायाधीशहरू के कुन कारणले अयोग्य ठहरिए भन्ने कुनै तथ्यपरक कारण नखुलाई शक्तिको आडमा गरिएको सिफारिसले समग्र न्यायपालिकाको साख गिराउने काम भएको फरक रायमा उल्लेख गरेका छन् । अहिले नसुनिएको आवाज भोलि जनअदालतमा रास्वपाले दिनुपर्नेछ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बड्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बेनी–जोमसोम–कोरला सडक : मर्मत जारी

पोखरापत्र संवाददाता

म्याग्दी, २० असोज

पछिल्लो मनसुनजन्य विपद् पछि बाढी पहिरोका कारण क्षतविक्षत बनेको चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला अर्न्तगत म्याग्दी खण्डको मर्मत धमाधम भइरहेको छ ।

पर्वतको कुश्मा नगरपालिका-१ पाङदेखि म्याग्दीको बेनी हुँदै चीनको सिमानामा रहेको कोरला नाका जोड्ने दुई सय दुई किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडक असोज दोस्रो साताको बर्सातपछिको बाढीपहिरोले ५० भन्दा बढी ठाउँमा अवरुद्ध बनेको थियो । दश ठाउँमा कालीगण्डकीले सडक कटान गरेर बगाएको र भत्काएको छ ।

बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले आगामी सोमबारसम्म सवारीसाधन सञ्चालन गर्न सकिने गरी म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ कुनौटादेखि अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगर खण्डको करिब १२ किलोमिटर दूरीमा धमाधम मर्मत कार्य भइरहेको जानकारी दिनुभयो । "वर्षा रोकिनेबित्तिकै असोज १२ गतेदेखिनै कोरला नाकातर्फबाट म्याग्दीको भुरुङ्ग-तातोपानीसम्म दुई दिनमै मर्मत गरेका थियौँ", उहाँले भन्नुभयो, "मालढुङ्गातर्फबाट बेनी बैसरी हुँदै कुनौटासम्म करिब २५ किलोमिटर सडक सोमबार साँझसम्म मर्मत सकिएको छ ।"

कुनौटामा कालीगण्डकी नदीको बाढीले करिब दुई सय ५० मिटर सडक कटान गरेको छ । सडक कटानपछि पैदल आवतजावतसमेत कठिन बनेको कुनौटो क्षेत्र मर्मत कार्यका लागि चुनौतीपूर्ण मानिएको छ । सुरुआती चरणमा रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौर स्थित राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह परिसरमा कटान गरेको सडकको विकल्पमा नयाँ मार्ग बनाउन र इन्धन अभावको चुनौती थियो ।

राहुघाटको विद्युत्गृह अगाडि सडक मार्ग खुलाउने काम सकिएको, नेपाली सेना, स्वयंसेवक र ड्रोनको सहायताले ढुवानी तथा सापटी मागेर इन्धन व्यवस्थापन गरिएकाले कुनै समस्या नरहेको आयोजनाले जनाएको छ । "कुनौटाभन्दा माथि सडक मर्मतका लागि आवश्यक इन्धन मानिसले बोकेर लैजान सम्भव नभएपछि सोमबार नेपाली सेनाको टोली र ड्रोनको सहायतामा पहिरो तारेका छौँ", आयोजना प्रमुख शर्माले भन्नुभयो, "छ पटकको उडानबाट चार सय लिटर डिजेल कटान क्षेत्र पार गराइएपछि कुनौटाभन्दा माथि पनि सडक मर्मतमा सहज भएको छ ।"

अन्नपूर्णको पोखरेबगर, रातोपानीमा सडकको नयाँ ट्र्याक खोलेर महभिर र भिरकाटे खण्डमा पनि काम भइरहेको छ । अन्नपूर्ण गाउँपालिका-६ रातोपानीमा दुई ठाउँमा गरेर करिब दुई सय पचास मिटर सडक कटान गरेको स्थानमा नयाँ ट्र्याक खोलिएको छ । पोखरेबगरको कालीगण्डकी पुलको पहुँचमार्ग निर्माणमा मजदुर परिचालन भएका छन् ।

सडक विभाग र निर्माण व्यवसायीका १५ वटा स्काभेटर, १२ वटा टिपर र १५ वटा लोडरसहित जनशक्ति परिचालन गरेर सडक निर्माणको कामलाई तीव्रता दिइएको सङ्घीय सडक सुपरीवेक्षण आयोजना पोखराका प्रमुख नरेन्द्र सुवेदीले बताउनुभयो । "सडक विभाग र निर्माण कम्पनीले अवरुद्ध सडक खुलाउन सबै ठाउँमा समानान्तर रूपमा काम गरिरहेका छन्," उहाँले भन्नुभयो, "यसै साताभित्र सडक मर्मत सम्पन्न गर्ने लक्ष्यसहित काम भइरहेको छ ।" रसुवा र तातोपानी नाका बन्द रहेकाले चीनसँगको व्यापारका लागि कोरला नाका महत्वपूर्ण बनेको उहाँले बताउनुभयो । कोरला नाका जोड्ने सडकलाई छिटो सञ्चालनमा ल्याउन सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको उहाँको भनाइ छ ।

मुस्ताङको स्याउ बजार पठाउने समय पनि सुरु भएको छ। दसैं-तिहारका लागि भेडाच्याङ्ग्रा बजार झार्ने समय नजिकिएको छ । पर्यटकीय यामसमेत सुरु भएकाले बेनी-जोमसोम सडक छिटो सञ्चालनमा ल्याउन दबाब बढेको छ ।

# भोटेकोशी बाढीपीडितलाई हेम्जा बोर्डिङको एक लाख सहयोग

पोखरापत्र संवाददाता

पोखरा, २० असोज



रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि पोखरा-२५, हेमजास्थित हेमजा बोर्डिङ स्कुलले १ लाख १ हजार १ सय १ रुपैयाँ सहयोग गरेको छ।

बाढीपीडित नागरिकलाई राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले विद्यालय परिवारले उक्त रकम उपलब्ध गराएको हो। प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको दुःखमा साथ दिन सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग गरिएको विद्यालयले जनाएको छ। विद्यालयले ७० हजार प्रधानमन्त्री राहत कोषामा र ३१ हजार १ सय १ रुपैया एन प्याब्सन मार्फत प्रधानमन्त्री राहत कोषामा जम्मा हुने गरी १ लाख १ हजार १ सय १ रुपैया सहयोग गरेको हो । उक्त रकम विद्यालय प्रशाशन, शिक्षक कर्मचारी र विद्यार्थीबाट संकलन गरी सहयोग गरीएको हो । उक्त रकम विद्यालयका संस्थापक निर्देशक माधव शरण पौडेलले एन प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष याम खड्का, कास्कीका अध्यक्ष मनकाजी गुरुङ, निवर्तमान अध्यक्ष हेमन्त अधिकारी सहित कास्कीका पदाधिकारी तथा सदस्यहरुलाई हस्तान्तरण गरेका थिए ।

विद्यालयका संस्थापक निर्देशक पौडेलले विपद्का बेला प्रभावित नागरिकलाई सहयोग गर्नु मानवीय तथा सामाजिक दायित्व भएको बताए ।

बाढीका कारण ठूलो क्षति व्यहोरेका परिवारको राहत र पुनःस्थापनामा केही भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले आर्थिक सहयोग गरिएको उनको भनाइ छ । यसैगरी, एन प्याब्सन कास्कीका अध्यक्ष मनकाजी गुरुङले विपद् का समयमा शैक्षिक संस्थाले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै मानवीय सेवामा योगदान पुर्‍याउनुपर्ने बताए । उनले हेम्जा बोर्डिङ स्कुलले बाढीपीडितका लागि गरेको सहयोग सकारात्मक र अनुकरणीय रहेको उल्लेख गरे।

भोटेकोशी नदीमा आएको बाढीबाट रसुवा क्षेत्रमा जनधनको क्षति भएपछि प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि विभिन्न क्षेत्रबाट सहयोग जुटिरहेको छ। यसैक्रममा पोखरा-३० मा अवस्थित न्यू लेखनाथ पब्लिक एकेडेमीले एन प्याब्सन कास्की मार्फत प्रधानमन्त्री राहत कोषामा ३५ हजार सहयोग गरेको छ । विद्यालयका संस्थापक हरिराज अधिकारी एन प्याब्सनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष याम खड्का, कास्कीका अध्यक्ष मनकाजी गुरुङ, निवर्तमान अध्यक्ष हेमन्त अधिकारी सहित कास्कीका पदाधिकारी तथा सदस्यहरुलाई हस्तान्तरण गरेका थिए ।

त्यसैगरी पोखरा-९ मा अवस्थित सिद्धार्थ लबडेल बोर्डिङ स्कुलले पनि एन प्याब्सन कास्की मार्फत प्रधानमन्त्री राहत कोषामा २५ हजार सहयोग गरेको छ। विद्यालयका संस्थापक प्रिन्सिपल याम खड्काले एन प्याब्सन कास्कीका अध्यक्ष मनकाजी गुरुङ, निवर्तमान अध्यक्ष हेमन्त अधिकारी सहित कास्कीका पदाधिकारी तथा सदस्यहरुलाई उक्त रकम हस्तान्तरण गरेका थिए ।

# दसैँमा देशभर लिङ्गो पिङ निर्माण गर्दै पर्यटन बोर्ड

रासस

काठमाडौं, २० असोज

वडादसैँको अवसरमा मौलिक संस्कृति, परम्परा र चाडपर्वलाई पर्यटनसँग जोड्दै नेपाल पर्यटन बोर्डले विभिन्न पर्यटकीय गन्तव्यमा लिङ्गे पिङ निर्माण तथा सञ्चालन गर्ने भएको छ ।

बोर्डको पर्यटन सम्पदा तथा पर्यटन विकास महाशाखाले सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले काठमाडौँ उपत्यकासहित देशका विभिन्न पर्यटकीय गन्तव्यमा स्थानीय तह तथा पर्यटनसम्बद्ध सङ्घसंस्थासँगको सहकार्यमा लिङ्गे पिङ निर्माण तथा सञ्चालन गर्न लागेको जनाएको छ ।

बोर्डले ललितपुर महानगरपालिका, कीर्तिपुर नगरपालिका, चाँगुनारायण नगरपालिका, भक्तपुर पर्यटन विकास समिति, ठमेल पर्यटन विकास समिति, हिमालयन उद्धार सङ्घ, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान), होटल सङ्घ नेपाल, होटल व्यवसायी महासङ्घ तथा विभिन्न प्रदेशका होटल तथा पर्यटन व्यवसायी सङ्घसंस्थासहित पर्यटकीय क्षेत्रका सम्बन्धित निकायसँग सहकार्य गरिएको बोर्डले जनाएको छ ।

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला साविक बेसीशहर गा.वि.स. वडा नं. ०६ हाल बेसीशहर नगरपालिका वडा नं. ०९ निवासी भारतीय भु.पू.सैनिक नं. ५२४४३७५X HAV धिर वहादुर थापाको तपसिलमा उल्लेखित व्यक्तिहरुको विवरण नागरिकता अभिलेख र भारतीय सैनिक अभिलेखमा फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक-फरक नभई एकै भएको बेहोरा बेसीशहर नगरपालिका, ०९ नं. वडा कार्यालयको च.नं. २९३, मिति २०८३/०६/१९ को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ मात्र अनुरोध छ ।

| त्र.सं. | नामथर | नाता | ना.प्र.मा कायम भएको नामथर | सैनिक अभिलेखमा कायम भएको नामथर |
|---|---|---|---|---|
| १. | रामजी भन्ने धिर वहादुर अधिकारी थापा | पेन्सनर | रामजी भन्ने धिर वहादुर अधिकारी थापा | धिर बहादुर थापा |
| २. | पपना देवी अधिकारी थापा | श्रीमती | पपना देवी अधिकारी थापा | पपना देवी थापा |
| ३. | नेत्र वहादुर अधिकारी थापा | छोरा | नेत्र वहादुर अधिकारी थापा | नेत्र वहादुर थापा |
| ४. | मैना वानिया | छोरी | मैना वानिया | मैना कुमारी थापा |
| ५. | कृष्ण कुमारी अधिकारी थापा के.सी. | छोरी | कृष्ण कुमारी अधिकारी थापा के.सी. | कृष्ण कुमारी थापा |

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. ०९ निवासी भारतीय भु.पू.सैनिक नं. ५०४२४५४ नायक भीम वहादुर थापा मगरको तपसिलमा उल्लेखित व्यक्तिहरुको विवरण नागरिकता अभिलेख र भारतीय सैनिक अभिलेखमा फरक परेतापनि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक-फरक नभई एकै भएको बेहोरा बेसीशहर नगरपालिका, ०९ नं. वडा कार्यालयको च.नं. २९७, मिति २०८३/०६/१९ को सिफारिस बमोजिम सोही बेहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ मात्र अनुरोध छ ।

| त्र.सं. | नामथर | नाता | ना.प्र.मा कायम भएको नामथर | सैनिक अभिलेखमा कायम भएको नामथर |
|---|---|---|---|---|
| १. | भीम वहादुर थापा मगर | पेन्सनर | भीम वहादुर अधिकारी थापा | भीम वहादुर थापा मगर |
| २. | चन्द्र कुमारी अधिकारी | श्रीमती | चन्द्र कुमारी अधिकारी | चन्द्र कुमारी थापा |
| ३. | राजु अधिकारी थापा | छोरा | राजु अधिकारी थापा | राजु थापा |
| ४. | रोशन अधिकारि | छोरा | रोशन अधिकारि | रोशन थापा |

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. १ निवासी भारतिय भु.पु.नं. ५८४०८११ का हवल्दार बल बहादुर खत्रीको श्रीमतीको नागरिकताको प्रमाण पत्रमा जन्म मिति वि.सं. २०११।०१।०७ अर्थात ई.सं.१९५४।०४।१९ नाम मन कुमारी खत्री भएको र भारतिय डकुमेन्टमा जन्म मिति ई.सं. १९५४।०९।१० अर्थात वि.सं.२०११।०५।२५ नाम मन कुमारी भएता पनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका १ नं. वडा कार्यालय बागलुङको च.नं. ३०३ मिति २०७५।७।२९ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १३ निवासी भारतीय भु.पु. सैनिक नं.JC 55457 F SUB G.D. का सुकदेव शर्माको माग निवेदन र संलग्न कागजात अनुसार निजको श्रीमती तुलसी देवी शर्माको ना.प्र.नं.२२४१६ कास्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर तुलसी देवी शर्मा उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर तुलसी देवी उल्लेख भइ मैले मेरो पेन्सन अभिलेखमा मेरो श्रीमतीको नाम/थर तुलसी देवी जन्म मिति १९५४/०६/१३ लेखिएको तर नेपाली नागरिकताको प्रमाण पत्रमा मेरो श्रीमतीको नाम/थर तुलसी दे वी शर्मा र जन्म मिति १९६०/०८/१९ उल्लेख भई फरक पर्न गएको भएता पनि ब्यक्ति एउटै हो फरक होईन । म मेरो श्रीमतीको नाम तुलसी देवी शर्मा तथा जन्म मिति १९६०/०८/१९ कायम गर्न चाहन्छु । उक्त नाम र जन्म मिति नागरिकता प्रमाण पत्रमा उल्लेख गरिएको छ र भविष्यमा यही नाम तथा जन्म मितिलाई स्थायी रुपमा प्रयोग गर्न चाहन्छु । एउटै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि कास्की जिल्ला पोखरा महानगरपालिका, १३ नं. वडा कार्यालय कास्कीको च.नं. ५४५२ मिति २०८३।०४।२५ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# 'हिम्मत हारेको छैन, फेरि उठ्नेछु'

**रासस**
गण्डकी, २० असोज



बाढीले उजाड पारेको 'दरमखोला रेम्बो ट्राउट तथा एग्रो रिसोर्ट' को भग्नावशेषछेउ बसेर रिसोर्टका सञ्चालक हुम थापाले गत बिहीबार सामाजिक सञ्जाल फेसबुकमा तस्बिरसहित 'पोस्ट' साझा गर्नुभयो, 'परिस्थिति जस्तो भए पनि सुखदुःखमा साथ दिने प्यारो जङ्गे' ।

उक्त तस्बिर लिँदा थापाको साथमा थियो उहाँको प्यारो 'कुकुर' अर्थात् जङ्गे । जुन रिसोर्टको रेखदेख र सुरक्षामा सहयोगी बन्दै आएको थियो ।

दरमखोलाको बाढीले बागलुङको गलकोट नगरपालिका-७ मल्मका युवा उद्यमी थापाको रिसोर्टसहित त्यस क्षेत्रमा ल्याएको विपद्को कहर बुझ्न त्यही तस्बिर नै प्रयाप्त थियो । त्यो देखेपछि धेरै आफन्त र शुभेच्छुकले उहाँलाई सहानभूति मात्र दिएनन् । सङ्कटका बेला हार नखान ढाडस दिए । कतिले साथ र सहयोगको बचन दिए । थापा अहिले आफूलाई सम्हाल्दै हुनुहुन्छ । झण्डै दुई करोडको लगानीमा बनेको रिसोर्टलाई पुनःसञ्चालनमा ल्याउन हिम्मत बटुलिरहनुभएको छ ।

गलकोट नगरपालिका-३ चिसापानीमा रहेको उक्त रिसोर्ट पछिल्लो समय पर्यटकीय गन्तव्यस्थलका रूपमा समेत विकास भइरहेको थियो । थापाले छ वर्षअघि जिल्लामै पहिलोपटक पौडी पोखरीसहितको रिसोर्ट सञ्चालनमा ल्याउनुभएको थियो । रेम्बो ट्राउट जातको माछापालनका कारण पनि चिसापानीको अलग्गै पहिचान बनेको थियो । थापाले पर्यटकको आकर्षणका लागि पिङ, बगैँचालगायतका संरचना निर्माण गर्नुभएको थियो । रेम्बो ट्राउट र स्थानीय दरमखोलाको असला माछाका परिकारका लागि रिसोर्ट परिचित थियो । प्राकृतिक वातावरण रुचाउने पर्यटकको बासका लागि पनि परम्परात शैलीको घर पनि निर्माण गरिएको थियो । थापा निकट भविष्यमा 'स्काइ साइक्लिङ' र 'जिपलाइन' सञ्चालन गर्ने योजनामा हुनुहुन्थ्यो । 'कोभिड-१९' महामारीपछि रिसोर्ट विस्तारै व्यावसायिक रूपमा सफल हुँदै थियो । पर्यटक र पाहुनाको आकर्षण बढेको थियो ।

सुरुमा रु एक करोड लगानीबाट सुरु गरिएको व्यवसायमा अहिले रु दुई करोड बढी लगानी पुगिसकेको थापाले बताउनुभयो । "रिसोर्टमा बर्सेनि नयाँनयाँ संरचना थप्दै ल्याएको थिएँ, अहिलेको बाढीले सबै सपना क्षणभरमै चकनाचूर पार्यो", उहाँले भन्नुभयो, "प्रकृतिसँग कसैको केही नचल्ने रहेछ, देशविदेशमा रहनुभएका साथीभाइ र आफन्तको साथ-सहयोग र हौसलाले फेरि उठ्ने प्रयासमा छु, नयाँ सोच र नयाँपनका साथ रिसोर्ट पुनःसञ्चालनमा आउनेछ ।" बाढीले पौडीपोखरी, रेष्टुरेण्ट, बगैँचासहित रिसोर्टका मुख्य संरचनामा क्षति पुर्याएको थापाले बताउनुभयो । पुनःनिर्माणमा झण्डै एक करोड खर्च लाग्ने देखिएको उहाँको भनाइ छ । दरमखोला किनारमा रहेको रिसोर्टको जग्गामा बाढीले कटान गरेकाले तटबन्धलगायतका काममा पनि ठूलो खर्च हुने थापाले बताउनुभयो । विदेश जाने सोच त्यागेर घरगाउँमै बसेर उद्यमी बन्ने थापाको आँट र योजना देखेर धेरैले उहाँको प्रशंसा गर्ने गरेका छन् । रिसोर्टमा सात जनाले रोजगारी गर्दै आएका थिए । अहिले उनीहरूको रोजीरोटी पनि खोसिएको छ । "व्यवसायलाई फेरी उठाउनुपर्छ भनेर देशविदेशबाट आफन्त र शुभेच्छुकहरूले स्वतःस्फूर्त रूपमा सहयोग गरिरहनुभएको छ", थापाले भन्नुभयो, "सबैले हामी साथमा छौँ भन्नुभएको छ, हिम्मत दिनुभएको छ, पुनःनिर्माणपछि छिट्टै रिसोर्ट सञ्चालनमा आउनेछ ।" गलकोट नगरपालिकासहित राज्यका निकायबाट थोरै भएपनि राहत पाउनेमा आफू आशावादी रहेको उहाँले बताउनुभयो । बाढीले रेम्बो ट्राउट र स्थानीय जातको माछापालनका लागि बनाइएका पोखरीमा भने क्षति पुर्याएको छैन । रिसोर्ट करिब २७ रोपनी क्षेत्रफलमा फैलिएको छ । रेम्बो ट्राउटका ३० हजार भुरा छाड्न मिल्ने गरी बनाइएका दश पोखरीले ठूलो क्षेत्रफल ओगटेका छन् । उक्त स्थानमा रहेको पानी परीक्षणपछि उपयुक्त देखिएपछि थापाले ट्राउट माछापलन सुरु गर्नुभएको थियो । ट्राउट १२ देखि १८ डिग्रीको तापक्रममा पाल्न सकिने प्राविधिक बताउँछन् । जापानी प्रजातिको ट्राउट माछा स्वाद र स्वास्थ्य दुवै हिसाबले उत्कृष्ट मानिन्छ । बजारमा पनि ट्राउटको माग बढी छ । दरमखोलाको असला माछा पनि त्यस क्षेत्रमा प्रख्यात छ । उक्त माछाको सुकुटी देशविदेशमा कोशेलीको रूपमा लैजाने गरिन्छ । होटल, रेष्टुराँमा पनि असला माछाको रोजाइँ अत्यधिक छ ।

आन्तरिक पर्यटकलाई लक्षित गरी रिसोर्ट खोलेको थापाको भनाइ छ । केही वर्षअघि पौडी पोखरीमा भलिबल प्रतियोगिता सञ्चालन गरेपछि उक्त रिसोर्ट चर्चामा आएको थियो । पछिल्लो समय चाडपर्व र बिदाका बेलामा रिसोर्ट घुम्न आउनेको सङ्ख्या उल्लेख्य रहने गरेको थियो । रिसोर्टलाई गलकोट-३ हटिया बजार र गलकोट-७ मल्मको आँगाखेत तर्फबाट सडकले जोडेकाले आउजाउ गर्न पनि सहज छ । यही असोज ८ गतेदेखि ११ गतेसम्मको निरन्तरको वर्षाले दरमखोलामा आएको बाढीले व्यावसायिक संरचनासहित घरगोठ, खेत, सडक, भवनलगायत सार्वजनिक पूर्वाधारमा ठूलो क्षति पुगेको गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले बताउनुभयो । नगरभित्र करिब तीन सय रोपनी क्षेत्रफलको धानबाली बाढीसँगै बगेको उहाँको भनाइ छ । वडा नं. ९ को कार्यालय भवनसँगै ६३ घरमा पूर्ण रूपमा क्षति पुगेको नगरपालिकाले जनाएको छ । बाढीपहिरोमा परी बागलुङ जिल्लाभर १५ जनाको ज्यान गएको छ भने ठूलो भौतिक क्षति भएको छ ।

# बाढीपहिरोका कारण सडक पूर्वाधारमा क्षति

**पोखरापत्र संवाददाता**
बागलुङ, २० असोज

बागलुङमा बाढी, पहिरोका कारण ठूलो जनधनको क्षति भएको छ । विपद्का कारण जिल्लामा १३ जनाको ज्यान गएको छ भने मुख्य सडकमा मात्रै रु ५० करोड बराबरको क्षति भएको छ ।

सडक डिभिजन कार्यालयअन्तर्गतका राष्ट्रिय र सहायक राजमार्ग तथा पूर्वाधार विकास कार्यालयअन्तर्गतका प्रदेशस्तरीय सडक पूर्वाधारमा क्षति भएको आकलन गरिएको छ ।

ती सडकलाई दीर्घकालीन रुपमा निर्माण गर्न रु एक अर्ब बढी खर्च लाग्ने अनुमान गरिएको छ । विवरणअनुसार, सबैभन्दा बढी क्षति मध्यपहाडी लोकमार्गको निसी र गलकोट खण्डमा भएको छ । यस्तै, प्रदेश सरकारअन्तर्गतको गलकोट-हरिचौर-ताराखोला खण्डमा क्षति पुगेको छ ।

सडक डिभिजन कार्यालय बागलुङका प्रमुख हरि सुवेदीका अनुसार कालीगण्डकी करिडोर, मध्यपहाडी लोकमार्ग, बागलुङ-बेनी सडकलगायतका राजमार्गमा रु ३० करोडको क्षति भएको छ । मध्यपहाडी लोकमार्गको निसीखोलाको कानाबगर र झिवाखोला क्षेत्रमा ४०० मिटर सडकको ट्र्याक बगाउँदा बगरमा परिणत भएको छ । यस्तै घोडाबाधेदेखि हटियासम्मको लोकमार्गको सडक खण्डमा दर्जन बढी स्थानमा पहिरो गएको छ ।

कालीगण्डकी करिडोरको कालाखोला बगर, बेलबगर र जैमिनीघाटलगायत स्थानमा क्षति पुगेको छ । बागलुङ बजारहुँदै सिगाना जाने सडक तथा बागलुङ बजारदेखि तित्याङ जाने सडकमा पहिरो खस्दा आवागमन प्रभावित भएको छ । यस्तै, पूर्वाधार विकास कार्यालय बागलुङको प्रारम्भिक तथ्याङ्क अनुसार प्रदेश सरकार मातहतमा काम भइरहेका क्षेत्रीय सडकमा रु २० करोडको क्षति भएको अनुमान गरिएको छ ।

कार्यालयका प्रमुख अनुप थापाका अनुसार सबैभन्दा बढी क्षति हरिचौर-ताराखोला सडकमा भएको छ । उहाँले आठ किलोमिटर लामो सडकको एक दर्जन स्थानमा पहिरो खसेको छ ।

यस्तै शालग्राम सङ्ग्रहालय-मालिका-पञ्चकोट सडक तथा कुश्मिसेरा-राङ्खानी सडकमा क्षति पुगेको छ । "तथ्याङ्क सङ्कलनका क्रममै छौँ, सडक पूर्वाधारमा रु २० करोड बराबरको क्षतिको अनुमान गरिएको छ", थापाले भन्नुभयो, "ठेक्काको अवधि बाँकी रहेको हरिचौर-ताराखोला सडक पुनर्निर्माणका लागि ठेकेदारलाई पत्र पठाएका छौँ ।"

# पहिरोले खोसेको जलेश्वरवासीको सपना

**रासस**
म्याग्दी, २० असोज

बेनी नगरपालिका-८ जलेश्वरका इन्द्र बरुवालका परिवारले पछिल्लो आठ दिनयता गलेश्वर मन्दिरको धर्मशालामा रात कटाउने गरेका छन् ।

म्याग्दीको जिल्ला सदरमुकाम बेनी बजार नजिकैको जलेश्वर डेढ वर्षअघि सडक विस्तारका क्रममा सिर्जित पहिरोबाट थप चपेटामा परेको थियो । बस्ती मुनी बेनी-जोमसोम-कोरला सडक निर्माण भएको छ । यही असोज ८ देखि ११ गतेसम्मको चार दिने झरिपछि बस्ती माथिको राहुवडाको पाखोबाट खस्न थालेको पहिरोका कारण घर छाडेर धर्मशालामा आश्रय लिनुपर्ने अवस्था आएको स्थानीयको भनाइ छ ।



"हाम्रा पुर्खाले ३० रोपनी जमिनमा बसाएको बस्तीलाई विस २०५४ मा खुलेको बेनी-गलेश्वर सडक विस्तारका क्रममा सिर्जना भएको पहिरोले १५ रोपनीमा खुम्चाएको थियो", इन्द्र बरुवालले भन्नुभयो, "राहुवडाको पहिरोले हाल छ घरपरिवारको बसोबाससमेत रहेको लेयर्स र ब्रोइलर कुखुरा, गाईभैँसी र बाख्रापालनको केन्द्र बन्न थालेको जलेश्वरको उठिबास लगाएको छ ।"

चक्र बरुवाल, भूमिराज बरुवाल र सूर्य नगरकोटीको घरभित्र हिलो पसेर बस्न नमिल्ने अवस्था छ । इन्द्र र चक्र बरुवालको तीन हजार २०० कुखुरा पाल्न सक्ने क्षमताको दुई वटा खोरभित्र पसेको पहिरोले एक हजार ५०० बिक्रीका लागि तयार भएका ब्रोइलर कुखुरा नष्ट भएको छ । भवन भत्किएर पूर्ण रुपमा क्षतिग्रस्त भएको छ । इन्द्र र मुक्ति बरुवालको घरमा आंशिक क्षति पुगे पनि बस्न मिल्ने अवस्था छैन् । घरभित्र पसेको हिलोले लत्ताकपडा, कागजात, भाँडाकुँडा, अन्नपातदेखि बालबालिकाको कापी किताब नष्ट गरिदिएको छ । घरभरी पहिरो थुप्रिएपछि केहीले बेनी बजारमा डेरा खोजेर बस्न थालेका छन् ।

"वर्षौंको मेहनत र सङ्घर्षपछि बनाएको घर छाडेर धर्मशालामा आश्रय लिएर रात कटाउनुपर्दा पीडा भएको छ", चक्र बरुवालले भन्नुभयो, "पहिरोले हामीलाई घरबास मात्र नभई रोजगारी र आम्दानीको आधार बनेको पोल्ट्री फार्मका सबै संरचना भत्कायो । ती संरचना पुरेपछि जीवन जिउने आधार पनि खोसिदिएको छ ।" सुन्तला र केराका बगैँचा पहिरोमा पुरिएको छ । साँझ गलेश्वर धर्मशालामा गएर सुत्ने जलेश्वरवासी पाखोमा चिराचिरा परेर धाजा फाटेको जमिनका कारण जुनसुकैबेला थप पहिरो खस्ने जोखिम देखिएपछि घर फर्कने सम्भावना देखेका छैनन् । दिउँसो आएर घरभित्र पुरिएका सामान खोज्ने र सफा गर्ने जलेश्वरवासीको दिनचर्या बनेको छ । पहिरो जानुअघि उनीहरु कुखुरा, गाईभैँसी र बाख्राको स्याहारसुसार, दानापानीमा व्यस्त हुन्थे । बेनी बजार नजिक भएकाले पछिल्लो समय जलेश्वरमा कुखुरापालन र दूध उत्पादन व्यवसाय फस्टाउँदै गएको थियो । फार्ममा क्षति पुगेकाले विस्थापित परिवारको आम्दानीको आधार गुमेको छ । व्यावसायिक भविष्य अन्योलमा पारेको छ । "हाम्रो घरमात्रै जोगाउने कुरा होइन", मुक्ति बरुवालले भन्नुभयो, "पूरै बस्ती सुरक्षित हुनेगरी योजना बनाउनुपर्छ । यहाँ बस्नै नसकिने अवस्था आयो भने हामी कहाँ जाने ?" बस्तीको माथिल्लो भागबाट आउने पहिरो र तल्लो भागमा कालीगण्डकीको कटान नियन्त्रण गर्न तत्कालीन तथा दीर्घकालीन उपाय खोज्नुपर्ने बरुवालले बताउनुभयो ।

उनीहरूलाई तत्काल सुरक्षित आश्रयसँगै दीर्घकालीन पुनःस्थापनाको चिन्ता छ । कालीगण्डकीको कटान, सडक निर्माणका क्रममा भएको भू-क्षय र माथिल्लो क्षेत्रबाट खस्ने पहिरोको जोखिमलाई एकीकृत रूपमा व्यवस्थापन नगरे जलेश्वरको समस्या तत्काल टर्ने अवस्था नदेखिएको भूगर्भविद् चम्पकबाबु सिल्वालले बताउनुभयो । बेनी नगरपालिकाका प्रमुख शुरत केसीले पछिल्लो विपद्ले जिल्ला सदरमुकाम बेनी बजारको न्युरोडसहित पालिकाका धेरै बस्ती जोखिममा परेको तथा क्षति भएकाले भू-गर्भविद्को टोली बोलाएर अध्ययन गरिएको बताउनुभयो । अध्ययन टोलीको सिफारिस र सुझावअनुसार बजेट जुटाएर बस्ती संरक्षण, पुनर्निर्माण र पुनःस्थापनाका योजना अघि बढाइने नगर प्रमुख केसीको भनाइ छ ।

# पर्वतका बाढीपीडितलाई न्यानो कपडा वितरण

**पोखरापत्र संवाददाता**
पर्वत, २० असोज

बाढी पहिरोबाट पीडित पर्वतका बासिन्दालाई न्यानो कपडा वितरण गरिएको छ । गण्डकी प्रदेशका बाढी तथा पहिरो प्रभावित समुदायका लागि आपतकालीन मानवीय प्रतिकार्य परियोजनाअन्तर्गत खाद्यान्न तथा गैरखाद्यान्न सामग्री वितरण कार्यक्रममार्फत कपडा वितरण गरिएको हो ।

स्टार फण्ड नेपाल तथा युकेएडको आर्थिक सहयोग तथा किडाक नेपाल तथा सोडेक नेपालको समन्वयमा पूर्ण रुपमा विस्थापित बनेका ३० परिवारलाई कपडा वितरण गरिएको छ । यसअघि उनीहरुलाईग्यास, चामल, खानेतेल, दाल, नुन वितरण गरिएको थियो । विस्थापित बनेर टेण्टमा बस्दै आएका महिला, बालबालिका, सुत्केरी तथा वृद्धवृद्धालगायत परिवारका सदस्यलाई प्रति परिवार रु १० हजार ९६५ मुल्य बराबरका गरी कूल रु तीन लाख २९ हजारका लत्ताकपडा वितरण गरिएको किडाक नेपालका कार्यक्रम निर्देशक गौतमराज अधिकारीले जानकारी दिनुभयो । पहिलो चरणमा खाद्यान्न र ग्यास, दोस्रो चरणमा लत्ताकपडा, तेस्रो चरणमा ओढ्ने ओच्छ्याउने विस्तारा र स्वास्थ्य सामग्री, पाँचौं चरणमा भाडाकुडा वितरण गरिनुका साथै छैटौ चरणमा मनोपरामर्श लगायतका कार्यक्रम सञ्चालन गर्ने परियोजनाको लक्ष्य रहेको बताइन्छ ।

जलजला गाउँपालिकाका थप ५१ परिवारलाई खाद्यान्न, लत्ताकपडा, भाडाकुँडा र वेड विस्तारा वितरण गरिने अध्यक्ष तिमिल्सिनाले बतउनुभयो । परियोजनाअन्तर्गत पर्वत, बागलुङ र मनाङमा गरी ४५० परिवारलाई राहत सामग्री वितरण गरिने भएको छ । ८ देखि ११ गतेसम्मको वर्षापछि बाढी तथा पहिरोबाट प्रभावित पर्वत, बागलुङ र मनाङमा उक्त परियोजना लागू हुने भएको हो । तीन जिल्लाका ११ वटा स्थानीय तह बढी प्रभावित भएकाले त्यहाँका ४५० परिवारलाई आपतकालीन मानवीय प्रतिकार्यमा सहयोग गरिने भएको छ । उक्त योजनाका लागि रु तीन करोडभन्दा बढी रकम खर्चिने भएको छ । बाढी प्रभावित समुदायको माग र आवश्यकताको आधारमा खाद्यान्न तथा गैरखाद्यान्नका सामग्री वितरण गरिने सोडेक नेपालका महासचिव टङ्कलाल भुसालले जानकारी दिनुभयो ।

कालीगण्डकीको बाढी र विभिन्न क्षेत्रको पहिरोका कारण जलजला गाउँपालिकामा ११३ परिवार विस्थापित बनेका छन् । अहिले उनीहरु बस्तीभन्दा माथिको पाखोमा अस्थायी टेण्ट टाँगेर बस्दै आएका छन् । उनीहरुलाई स्थानीय जलजला गाउँपालिका, विभिन्न सामाजिक सङ्घसंस्थाले विभिन्न उपभोग्य सामग्री सहयोग गरिरहेको वडा नं. ८ का अध्यक्ष हरिविकास जिसीले जानकारी दिनुभयो ।

तत्कालका लागि अस्थायी बासको व्यवस्था भए पनि उनीहरुले दीर्घकालीन पुनःस्थापनाको माग गरेका छन् । विस्तारै चिसो बढ्दै गएकाले टेण्टमुनि रात कटाउन मुस्किल पर्न थालेको टेण्टमा बस्दै आएउनुभएका वृद्ध खड्गबहादुर केसीले बताउनुभयो ।


## ऋण चुक्ता गर्न आउने बारे ७ दिने सार्वजनिक सूचना

तेस्रो पटक प्रकाशित मिति २०८३/०६/२१ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकम नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित जानकारी गराउँदा मिति २०८३/०४/१९ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैंतिस) दिने र २०८३/०५/२९ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो तेस्रो पटक ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थामा बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना तथा अन्य दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणीको नाम, थर, ठेगाना | धन जवानीको नाम, थर, ठेगाना | धनजमानीको फोटो |
|---|---|---|---|---|
| १. |  | **नामः कुल बहादुर खड्का**<br>बाबुः तरक बहादुर खड्का<br>बाजेः शम्शेर बहादुर खड्का<br>स्थायी ठेगानाः कास्कीकोट-६<br>ना.प्र.नं.: ५२४९४<br>जारी मितिः २०५३/१२/२१ | **नामः सविता खड्का**<br>पतिः कुल बहादुर खड्का<br>बाबुः सोमनाथ खनाल<br>स्थायी ठेगानाः कास्कीकोट-६<br>ना.प्र.नं.: २८३७३<br>जारी मितिः २०५९/०६/१३ |  |
| **धितोको विवरणः** पोखरा-१७ कित्ता नं. ३०, १५, ३१ क्षेत्रफल ११४/६५३.६०/२११.७० वर्ग मिटर | | | | |

**भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१३, वि.पी. मार्ग, कुँडहर, फोन नं. ०६१-५७६३८०